## सूचना ४

श्री ५ को सरकारले मिति २०४२।१०।११ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरका देहायका अधिकृतहरू-लाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

| क.सं. | नाम र थर | पद र कार्यालय |
|---|---|---|
| १. | श्री उपेन्द्र दत्त | उपसचिव, जलस्रोत मन्त्रालय । |
| २. | श्री गंभीरमान श्रेष्ठ | उपसचिव, लोक सेवा आयोग । |
| ३. | श्री गौरीशंकर सैजू | उपसचिव, मन्त्रिपरिषद् सचिवालय, प्रधान मन्त्रीको कार्यालय । |

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।९।५ को निर्णय अनुसार श्री राजकुमार चौधरीलाई नेपाल वन सेवा, स्वायल एण्ड वाटर कन्जरभेसन समूह, रा.प. तृतीय (प्रा) श्रेणीको व. भू. ज. बि. ०७।२१ को वाटर सेड साइन्टिष्ट पदमा १ वर्षको परीक्षण कालमा रहने गरी स्थायी नियुक्ति गरिएको छ ।

आज्ञाले,
बोधनाथ अधिकारी
सह-सचिव

## भूलसुधार

खण्ड ३५ मिति २०४२।१०।२१ संख्या ४२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. १ मा "स्वायल एण्ड वाटर कन्जरभेसन समूह" हुनु पर्नेमा "स्वायल एण्ड कन्जरभेसन समूह" हुन गएकोले भूलसुधार गरिएको छ ।

वन तथा भू-संरक्षण मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८